**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०२ मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगालको दक्षिण 24 परगना जिलाका 15 मतदान केंद्रमा गरिएको पुनर्मतदान आज सम्पन्न भएको छ।

- पश्चिम बंगाल विधानसभा चुनावको मतगणना प्रक्रियामा केंद्रीय कर्मचारीहरुको नियुक्तिलाई लिएर सर्वोच्च न्यायालयद्वारा तृणमूल कांग्रेसको याचिका खारेज गरिएको छ।

- निर्वाचन आयोगले पश्चिम बंगालमा अतिरिक्त मतगणना पर्यवेक्षक अनि पुलिस पर्यवेक्षकहरुलाई तैनात गरेको छ।

- सरकारले स्वदेशी तकनीकको उपयोग गर्दै नागरिकहरुलाई आपदाको तत्काल सूचना दिनका लागि **सेल ब्रॉडकास्ट सिस्टम** शुरू गरेको छ |

- मौसम विभागले भोलिदेखि दार्जिलिङ तथा उत्तर बंगाल क्षेत्रका विभिन्न स्थानहरूमा मेघगर्जनसहित हल्का देखि मध्यम वर्षा हुने सम्भावना रहेको बताएको छ।

**पश्चिम बंगाल-पुनर्मतदान**

पश्चिम बंगालको दक्षिण 24 परगना जिलाका 15 मतदान केंद्रमा गरिएको पुनर्मतदान आज सम्पन्न भएको छ। यसमा मगराहट पश्चिम का 11 अनि डायमंड हार्बर विधानसभा क्षेत्र का चार मतदान केंद्र शामेल छन्। बेलुकी य बजे सम्म 72 प्रतिशत भन्दा अधिक मतदान दर्ता गरिएको बताइएको छ। दुवै विधानसभा क्षेत्रमा मतदान धेरै शांतिपूर्ण रहेको पनि बताइएको छ। संबंधित रिटर्निंग अधिकारीहरु अनि पर्यवेक्षकहरुद्वारा प्राप्त रिपोर्टहरुको आधार मा चुनाव आयोगले पुनर्मतदान गरिने आदेश दिएको थियो। यी मतदान केंद्रहरुमा विधानसभा चुनावको दोस्रो चरण अन्तर्गत गत 29 अप्रेलमा मतदान भएको थियो।

**सर्वोच्च न्यायालय - चुनाव आयोग**

सर्वोच्च अदालतले केन्द्रीय सरकारका कर्मचारीलाई मात्र मतगणना पर्यवेक्षकका रूपमा नियुक्त गर्ने निर्वाचन आयोगको निर्णयमा हस्तक्षेप गर्न अस्वीकार गरेको छ। न्यायाधीशहरू पीएस नरसिम्हा र जय्माल्या बागचीको पीठले आयोगको दिशानिर्देशहरू कडाइका साथ पालना गर्न निर्देशन दिएको छ। यो निर्णय तृणमूल कांग्रेसका लागि ठूलो झटका हो। सुनुवाइका क्रममा न्यायाधीश बागचीले अधिकारीको चयन निर्वाचन आयोगको क्षेत्राधिकारभित्र रहेको बताउनुभयो। प्रत्येक मतगणना केन्द्रमा एजेन्ट र पर्यवेक्षक पहिलाबाट नै रहेको उहाले बताउनुभयो। आयोगका वकिलले रिटर्निंग अफिसरहरू राज्य सरकारका कर्मचारी हुन् र अन्य अधिकारीहरूको नियुक्तिका लागि जिम्मेवार हुने स्पष्ट पारे। वरिष्ठ अधिवक्ता कपिल सिब्बलले सीसीटीभी फुटेज सुरक्षित राख्न आग्रह गर्नुभयो। आयोगले अदालतलाई फुटेज 45 दिनसम्म सुरक्षित राखिने जानकारी दियो। अदालतले निर्वाचन आयोगको परिपत्रको पालना हुनुपर्ने दोहोर्याएको छ।

**भाजपा - टीएमसी**

पश्चिम बंगाल विधानसभा चुनावको मतगणना प्रक्रियामा केंद्रीय कर्मचारीहरुको नियुक्तिलाई लिएर सर्वोच्च न्यायालयद्वारा तृणमूल कांग्रेसको याचिका खारेज गरिएको छ। सर्वोच्च न्यायलयको यस निर्णयपछि भारतीय जनता पार्टीले तृणमूल कंग्रेसको आलोचना गर्दै टीएमसी धेरै पटक न्यायपालिकाको विभिन्न स्तरहरुमा गइसकेको तर पार्टीले पटक पटक पराजयसित जुझ्न परेको

बताएका छन्। नयाँ दिल्लीमा संवाददाताहरुसित कुराकानीमा भाजपा प्रवक्ता डॉ. सुधांशु त्रिवेदीले सर्वोच्च न्यायालयको यस निर्णयलाई संवैधानिक रूपले उचित बताइका छन्। उहाँले भन्नुभयो यस निर्णयले राजनैतिक अनि नैतिक दृष्टिकोणले तृणमूल कांग्रेसको उद्धेश्यहरुमाथि गंभीर प्रश्न खड़ा गर्दछ। श्री त्रीवेदीले टीएमसीलाई संवैधानिक व्यवस्थामाथि विश्वास नभएको आरोप पनि लगाएका छन्।

**निर्वाचन आयोग - मतगणना पर्यवेक्षक**

निर्वाचन आयोगले पश्चिम बंगालमा अतिरिक्त मतगणना पर्यवेक्षक अनि पुलिस पर्यवेक्षकहरुलाई तैनात गरेको छ। मतगणना पर्यवेक्षकहरुको सहायताको लागि एक सय 65 अतिरिक्त मतगणना पर्यवेक्षकहरुलाई नियुक्त गरिएको छ। मतगणना केंद्रहरु वरिपरि सुरक्षा व्यवस्थालाई सशक्त बनाउन अनि कानून-व्यवस्थाको निगरानीको लागि 77 पुलिस पर्यवेक्षकहरुलाई पनि तैनात गरिएको छ। आयोगको आदेशमा स्पष्ट गरिएको छ कि मतगणनाको दिन पुलिस पर्यवेक्षकले कुनै पनि परिस्थितिमा मतगणना कक्षमा प्रवेश गर्ने छैनन्।

**सरकारी अलर्ट सिस्टम**

सरकारले स्वदेशी तकनीकको उपयोग गर्दै नागरिकहरुलाई आपदाको तत्काल सूचना दिनका लागि **सेल ब्रॉडकास्ट सिस्टम** शुरू गरेको छ | यस प्रणालीको परीक्षण गर्न आज अपराहन्न नागरिकहरुको मोबाइलमा सायरन संग संगै एक सूचना पठाइएको छ | परीक्षणको अवधि संदेशमा लेखिएको थियो - **सतर्क नागरिक, सुरक्षित राष्ट्र**। यो संदेश परीक्षणका निम्ति हो , यसैले नागरिकले यस माथि कुनै प्रतिक्रिया दिइरहने आवश्यकता पर्दैन ।केंद्रीय संचार मंत्री ज्योतिरादित्य सिंधियाले सोशल मीडिया पोस्टमा भन्नु भएको छ कि यस संदेश द्वारा नागरिकहरु लाई डराउने कुनै आवश्यकता छैन | यो भारतको नयाँ मोबाइल आधारित आपदा संचार प्रणाली को परीक्षण संदेश हो । उहाँले भन्नुभयो यसलाई दूरसंचार विभागले राष्ट्रीय आपदा प्रबंधन प्राधिकरणको सहयोगमा सेल ब्रॉडकास्ट तकनीकको उपयोग गरेर विकसित गरेको छ | श्री सिंधिया ले भन्नु भयो भविष्यमा, यही प्रणालीको माध्यम ले, आपदा तथा आपात स्थितिमा स्थानीय भाषा मा अनि स्थान को अनुसार तत्काल अलर्ट पठाउन सकिन्छ | उहाँले भन्नु भयो यस पहल नागरिकहरुको सुरक्षालाई अझ बलियो गराउनमा अनि आपदाहरुको अवधि त्वरित सूचना दिइने दिशामा एउटा महत्वपूर्ण कदम मानिन्छ । दूरसंचार विभागले सोशल मीडिया पोस्टमा भनेको छ यो एउटा उन्नत सार्वजनिक चेतावनी प्रणाली हो ।जसको उद्देश्य गंभीर परिस्थितिहरुमा यथासमय संचार सुनिश्चित गराउनु हो |यो पहल देश भरिका नागरिकहरुका निम्ति अधिक प्रतिक्रियाशील अनि दहरिलो संचार प्रणाली को स्थापित गराउनमा निरंतर प्रतिबद्धता लाई दर्शाउद छ । यस पहलद्वारा देशको आपातकालीन संचार अनि सार्वजनिक सुरक्षा प्रणालीलाई मजबूती प्रदान गर्दछ |

**ओम बिरला - संसदीय समितिहरु**

लोकसभा अध्यक्ष ओम बिरलाले वर्ष 2026-27 को लागि चार संसदीय समितिहरूलाई पुनर्गठन गर्नुभएको छ। लोकसभाबाट भाजपा सांसद, डॉ. संजय जायसवाललाई लोकसभाको ३० सदस्यको अनुमान समितिको अध्यक्षमा नियुक्त गरिएको छ। लोकसभाका 15 र राज्यसभाका 7 सदस्य लोक उपक्रम समितिको अध्यक्षता भाजपा सांसद बैजयंत पांडाले गर्नुहुनेछ। लोकसभाबाट कांग्रेस सांसद, के.सी. वेणुगोपाललाई लोक लेखा समितिको अध्यक्ष बनाइएको छ। यस समितिमा लोकसभाका 15 र राज्यसभाका 7 सदस्य सामेल छन्। यसरी नै, अनुसूचित जाति र अनुसूचित जनजाति कल्याण समितिको अध्यक्षता लोकसभामा भाजपा सांसद, फग्गन सिंह कुलस्तेले गर्नुहुनेछ। यस समितिमा लोकसभाका 20 र राज्यसभाका 10 सदस्य सामेल छन्। समितिको कार्यकाल आगामी वर्ष 30 अप्रैलसम्म रहनेछ।

**सरकार-पश्चिम एशिया वार्ता**

सरकारले पश्चिम एशियामा जारी संघर्ष बीच पनि घरेलू एलपीजी सिलेंडरहरुको शत-प्रतिशत आपूर्ति सुनिश्चित गरिरहेको बताएको छ। पेट्रोलियम अनि प्राकृतिक गैस मंत्रालयले बताए अनुसार हिज ऑनलाइन एलपीजी सिलेंडर बुकिंग मा 99 प्रतिशत वृद्धि भयो, जबकि ओटीपी आधारित डिलीवरी 94 प्रतिशत भन्दा अधिक गरियो। एलपीजी को जमाखोरी अनि कालोबाजारीमाथि अंकुश लगाउनकालागि हिज देशभरीमा 1 हजार 700 भन्दा अधिक छापा मारियो। यस बाहेक जलमार्ग मंत्रालयले पश्चिम एशियामा

उपस्थित सबै भारतीय नाविक सुरक्षित रहेको अनि गत २४ घंटामा भारतीय ध्वज धारक जाहजहरुसित सम्बन्धित कुनै घटना अघि नआएको बताएको छ। मंत्रालयले गत 24 घंटामा खाड़ी क्षेत्रका विभिन्न स्थानहरुबाट 30 नाविकलाई सुरक्षित स्वदेश ल्याइएको पनि सुनिश्चित गरिएको बताएको छ।

**<u>ममता बनर्जी को विदाई तय : राजू बिष्ट</u>**

पश्चिम बंगाल चुनाव परिणामलाई लिएर भारतीय जनता पार्टीका सांसद राजू बिष्टले बयान दिंदै भन्नु भएको छ पश्चिम बंगाल राज्य मा जनताले तृणमूल कांग्रेसलाई नकारी सकेको छ अनि मुख्यमंत्री ममता बनर्जीको विदाई अब तय भइसकेको छ ।

***आज दिइएको बयानमा श्री बिष्टले आरोप लगाउनु भएको छ सुश्री बनर्जीको निराशामा कहिले उच्च न्यायलय अनि कहिले सर्बोच्च न्यायलय धाउने काम भइरहेको छ |जनप्रतिनिधित्व कानून को धारा 19 ए लाई उद्धृत गर्दै भाजपा सांसदले भन्नुभयो चुनाव घोषित भए पश्चात यसको संचालनको जिम्मावारी पूर्ण रुपले चुनाव आयोगको हुँदछ | श्री बिष्टले दाबी गर्नु भयो यस पल्ट चुनाव आयोग स्वतंत्र अनि निष्पक्ष तरिका द्वारा चुनाव गरीरहेको छ | उहाँले भन्नु भयो बिगतको तुलनामा यस पल्ट चुनावहरुमा हिंसा खुबै नगण्य भएको छ | आयोगले सबै कमीहरुलाई सुधार गर्दै सफलतापूर्वक चुनाव प्रक्रियालाई सम्हालेको छ | साथै उहाँले आरोप लगाउनु भएको छ कि पराजयको आशंकाको मध्य नजर तृणमूल कांग्रेसका नेताहरुले आफ्नो भाषाको मर्यादा हराई सकेका छन्|***

**<u>सिलगढी</u>**

मतदान प्रक्रिया समाप्त हुन साथै, कांग्रेसका उम्मेदवारहरू स्ट्रङ्ग रुममा सुरक्षा र समग्र स्थितिको मूल्याङ्कन गर्न सडकमा आज निस्किए। सिलगढी कलेजमा रहेको स्ट्रङ्ग रुमको आज निरीक्षण गरिएको छ। निरीक्षणको क्रममा सिलगढी विधानसभा क्षेत्रका कांग्रेसका उम्मेदवार आलोक धारा, मतिगढा-नक्सलबारी निर्वाचन क्षेत्रका उम्मेदवार अमिताभ सरकार र फँसीदेवा निर्वाचन क्षेत्रका उम्मेदवार नवनीता तिर्की उपस्थित थिए। निरीक्षणको क्रममा, उम्मेदवारहरूले स्ट्रङ्ग रुमको सुरक्षा व्यवस्था, सीसीटीभी निगरानी र केन्द्रीय बलको तैनाथीको नजिकबाट समीक्षा गरे। चुनावपछिको यो महत्वपूर्ण चरणमा ईभीएमको सुरक्षा सुनिश्चित गर्न निर्वाचन आयोगको दिशानिर्देश अनुसार नियमित अनुगमनमा जोड दिइएको थियो। कांग्रेस पार्टीले निष्पक्ष र पारदर्शी गणना प्रक्रिया सुनिश्चित गर्न यस्ता निरीक्षणहरू महत्त्वपूर्ण भएको र अनुगमन जारी रहने बताएको छ।

**<u>ईडी-समन</u>**

शिक्षक भर्ती घोटालाको जांचमा प्रवर्तन निदेशालय (ईडी) ले बिधाननगरबाट तृणमूल कांग्रेसका उम्मेद्वार सुजीत बसुलाई एक पटक फेरि समन पठाएको छ। ईडीले सुजित बसुलाई आगामी छह मईको दिन पुनः सोधपूछको लागि बोलाएको छ। केंद्रीय एजेंसीले राज्यका एक अन्य मंत्री रथिन घोषलाई पनि ६ मईको दिन समन गरेको छ। राज्यका दमकल मंत्री रहेका सुजीत बसु गत शुक्रवार सॉल्टलेक स्थित सीजीओ कॉम्प्लेक्समा ईडी को कार्यलयमा पेश भएका थिए। यद्धपी श्री बसुलाई पुनः छह मईको दिन उपस्थित हुन भनिएको छ।

**<u>भारत-नेपाल बैठक</u>**

आगामी मानसून शुरु हुन भन्दा अघि बाढ़को पूर्वानुमानबारे चर्चा गर्नको लागि भारत अनि नेपालबीच आज काठमांडूमा एक बैठक चलिरहेको छ। भारतीय पक्षको नेतृत्व बिहारका जलसंसाधन विभागका प्रधान सचिव सन्तोष कुमार मालले गर्नुभएको छ । भारत–नेपाल कोशी र गण्डक परियोजनासम्बन्धी भारत–नेपाल संयुक्त समितिको दुई दिने बैठक गत ३० अप्रिल अनि 1 मईमा काठमाडौँमा सम्पन्न भएपछि यो बैठक भएको हो। बैठकमा दुवै पक्षबीच पानी व्यवस्थापन र पूर्वाधारसँग सम्बन्धित कैयौँ महत्वपूर्ण विषयमा सहमति भएको थियो । नेपालले पश्चिमी कोसी मुख्य नहरको 35 किलोमिटर लामो नेपाली क्षेत्र, कोसी ब्यारेज, गण्डक ब्यारेज र पश्चिमी मुख्य नहरका केही भागबाट अतिक्रमण हटाउन सहमति दिएको छ । यसका साथै पश्चिमी कोसी मुख्य नहरको तटबन्धमा बिजुलीका पोल सार्ने स्वीकृत पनि भएको छ । जलसंसाधन विभागले जारी गरेको एक विज्ञप्तिमा भनिएको छ, यी उपायहरूले परिचालन चुनौतीहरू कम गर्ने र नहर र यसका सहायक नदीहरूको मर्मतसम्भारमा सुधार गर्ने अपेक्षा गरिएको छ।

**<u>गोरामुमो</u>**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा अध्यक्ष मन घिसिङ आफ्नो सांङ्ठनिक भ्रमण लिएर आज कालेबुङ चौबीस नम्बर समष्टि समथार पुगेका थिए ।

***मन घिसिंगको आजको सांङ्ठनिक भ्रमणको उद्देश्य संगठन बिस्तार गर्न अनि 1986 सालको आन्दोलन कालमा आफ्नो महत्त्वपूर्ण भुमिका निभाउने कर्मठ योद्धाहरुलाई सम्मान जनाउने कार्यक्रम साथै बर्तमान समय गोर्खाहरुको राजनैतिक परिवेश माथी जानकारी गराउन रहेको बताइएको छ। यस बाहेक भारत सरकारले गोर्खाल्याण्ड दिन नसकेको खण्डमा छैटौं अनुसुची संवैधानिक व्यवस्था रहेको कार्यक्रम मार्फत बताइएको छ। छैटौं अनुसुची अघिबाटै सम्झौता भइसकेको ब्यवस्था रहेको र यसलाई लागू गरियोस् भन्ने मांग पार्टीको मांग रहेको बताइएको छ।***

**<u>फुलबारी एम्बुलेन्स</u>**

फुलबारीमा आज एउटा एम्बुलेन्स सडक दुर्घटनामा परेको छ। दुर्घटनामा एम्बुलेन्सको अगाडिको भाग गम्भीर रूपमा क्षतिग्रस्त भएको छ, जसले गर्दा गम्भीर बिरामी भित्रै फसेका छन्, जसले गर्दा क्षेत्रमा त्रास फैलिएको छ। रिपोर्टका अनुसार, एम्बुलेन्सले बिहारको भागलपुरबाट एक बिरामीलाई सिलिगुडीको एक निजी अस्पतालमा लगिरहेको थियो। शनिबार दिउँसो महानन्द ब्यारेज पार गरेपछि, एम्बुलेन्सले सन्तुलन गुमायो र पिकअप भ्यानसँग ठोक्कियो। ठोक्किनु यति गम्भीर थियो कि एम्बुलेन्सको अगाडिको भाग पूर्ण रूपमा क्षतिग्रस्त भयो। बिरामी भित्रै फसेका थिए। जानकारी पाएपछि, प्रहरी घटनास्थलमा पुग्यो र स्थानीय बासिन्दाहरूको सहयोगमा अर्को एम्बुलेन्सको व्यवस्था गर्‍यो, घाइते बिरामीलाई बाहिर निकाल्यो र अस्पताल पठायो। प्रहरीले अब घटनाको अनुसन्धान सुरु गरेको छ।

**<u>मौसम</u>**

मौसम विभागका अनुसार भोलिदेखि दार्जिलिङ तथा उत्तर बंगाल क्षेत्रका विभिन्न स्थानहरूमा मेघगर्जनसहित हल्का देखि मध्यम वर्षा हुने सम्भावना रहेको छ। आगामी मङ्गलबारदेखि बिहीबारसम्म आंशिकदेखि पूर्ण बदली रही वर्षा जारी रहने अनुमान गरिएको छ, जसका कारण तापक्रममा सामान्य गिरावट आउनेछ। मौसम विभागले विशेषगरी पहाडी क्षेत्रमा यात्रा गर्दा सतर्कता अपनाउन र चट्याङ तथा सम्भावित पहिरोको जोखिमप्रति सचेत रहन सबैलाई अनुरोध गरेको छ।

****** ० ******